**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवनकुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

**२०७६/०७७ सालको निर्णय नं. ४२**

**पुनरावेदन नं. ०७५-RB-०००३**

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०७४/०७५) ।**

ललितपुर जिल्ला ल.पु.उ.म.न.पा.वडा नं.१४ नखिपोट स्थित सनराईज डिजाइनर्स एण्ड इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि.(स्थायी लेखा नं.६०१२०२८१०)को तर्फ बाट अधिकार प्राप्त संचालक रंजित सिंह-----------------------------------१ } पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजस्व कार्यालय ललितपुर----------------------------------------१
आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौ---------------------------------१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री राजिव सिन्हा, श्री सुरज श्रेष्ठ

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान शाखा अधिकृत श्री टेकनाथ अधिकारी

**सुरू निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय ललितपुर**

**सुरु निर्णय गर्ने पदाधिकारीः प्रमुख कर अधिकृत श्री लालबहादुर खत्री**

**सुरू निर्णय मिति : २०७४/१०/२२**

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५।०१।२८

यसमा आन्तरिक राजस्व कार्यालय ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३२ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## तथ्य खण्ड

१. कर परिक्षण गर्ने सिलसिलामा करदाता सनराईज डिजाइनर्स एण्ड इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा.लि. ले राखेको खरिद विक्री खाता, खरिद विक्री बिजक र करदाताले पेश गरेको मु.अ.कर विवरण परिक्षण तथा भिडान गर्दा २०७४ श्रावण महिनाको खरिद विजक र खरिद खाता अनुसारले जम्मा रु.४२,५७,६०७/०३ को करयोग्य खरिद गरी सो मा रु.५,५३,७८९/ कर तिरेको देखिएकोमा करदाताले कर विवरण पेश गर्दा करयोग्य खरिद रु.४२,५७,६१,२८६/- र खरिदमा तिरेको कर रु.५,५३,४८,९६७/ उल्लेख गरी रु.५,४७,९५,४७८/- नपाउने करकट्टी दावी गरेको देखिएकोले मुल्य अभिवृद्धिकर ऐन,२०५२को दफा २०(२) क को आधारमा सोही ऐनको दफा २०(१) बमोजिम कर निर्धारण गर्नु पर्ने देखिएको भन्ने २०७४/१०/१७ को प्रतिवेदन ।

२. मेरो वास्तविक खरिद रु.४२,५७,६०७/- र सो मा तिरेको मु.अ.कर रु५५३४८९/-नै हो । श्रावणको कर विवरण भाद्र महिनामा प्रविष्ट गर्दा भुलबस जोड जम्मा फरक परि विवरण दाखिला हुन गएको हो भन्ने करदाता सनराईज डिजाइनर्स एण्ड इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा.लि. का संचालक रन्जित सिंहले मिति २०७४/१०/१७ मा गरेको बयान ।

३. पुनरावेदक करदाता सनराईज डिजाइनर्स एण्ड इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा.लि.को मिति २०७४/१०/१७ मा स्विकृत भएको चालु बर्षको कारोबार परिक्षण प्रतिवेदन बमोजिम मु.अ.कर ऐन, २०५२ को दफा २०(१) बमोजिम मु.अ.कर र जरिवाना समेत जम्मा रु.६,५७,५४,५७४/(छ करोड सन्ताउन्न लाख चवन्न हजार पाँच सय चौहत्तर मात्र) प्रारम्भिक कर निर्धारण आदेश मिति २०७४/१०/२१ मा जारी भएको रहेछ ।

४. प्रारम्भिक कर निर्धारण आदेश बमोजिम मुल्य अभिवृद्धिकर तिर्नु नपर्ने कारण भए १५ दिन भित्र ठोस प्रमाण पेश गर्न मिति २०७४/१०/२१ मा जारी भएको सुचना करदाताले सोहि मितिमा बुझीलिइ सो को जवाफ समेत सोही मितिमा पेश गरेका रहेछन ।

५. करदाता सनराईज डिजाइनर्स एण्ड इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा.लि.ले जवाफमा २०७४ साल श्रावण महिनाको विवरण पेश गर्दा भुलबश बढी खरिद देखाई सोही अनुसार करकट्टी दावी गरेको रकम भएकोले २०७४ मंसिर महिनाको कर विवरणमा मिलान गर्नेछु तथा जरिवाना लगाइएको रकम रु.१,०९,५९,०९६/- का सम्बन्धमा जानी जानी कर छल्ने मनसायले बढी करकट्टी दावी नगरेको र भुलबश भएकोले एक पटकलाई मिनाहा गरिदिनु भनी उल्लेख गरेको भए तापनि जवाफ साथ कर

निर्धारण हुनु नपर्ने तथा संशोधन गर्नु पर्ने भन्ने सम्बन्धमा कुनै ठोस प्रमाण तथा तथ्यहरु पेश गरेको नदेखिएकोले प्रारम्भिक कर निर्धारण आदेश बमोजिम मुल्य अभिवृद्धिकर ऐन तथा नियमावली बमोजिम मुल्य अभिवृद्धि कर र जरिवाना समेतको जम्मा रकम रु.६,५७,५४,५७४/- को अन्तिम कर निर्धारण गर्ने भन्ने आन्तरिक राजस्व कार्यालय ललितपुरको मिति २०७४/१०/२२ को निर्णय ।

६. आन्तरिक राजस्व कार्यालय, ललितपुर बाट मिति २०७४/१०/२२ मा भएको आ.व. २०७४/०७५ को मू.अ.कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी सनराईज डिजाइनर्स एण्ड इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागी मिति २०७४/१२/०६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. शुरु आन्तरिक राजस्व कार्यालय ललितपुरबाट मिति २०७४/१०/२४ मा भएको कर निर्धारण आदेश कानुन सम्मत भएकोले निवेदकको जिकिर पुग्न सक्दैन भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०१/२८ मा भएको निर्णय ।

८. पुनरावेदक कम्पनी कानुन बमोजिम दर्ता भई आफ्नो व्यवसाय गरी आएको र नियमित रुपमा बुझाउनु पर्ने विवरणहरु बुझाउँदै आइ रहेको छ । यसै क्रममा कम्पनीले २०७४ श्रावण महिनामा रु४२५७६०७/०३ को खरिद गरी मू.अ.कर रु.५,५३,४८८/९१ र विक्री तर्फ रु.६२,०००/- को विक्री गरी रु.८,०६३/- मू.अ.कर उठाएका थियौ । सोही बमोजिम सो महिनाको मासिक विवरण कम्प्युटरबाट भरी पेश गर्दा खरिद तर्फ रु.४२,५७,६१२/- को अंक उल्लेख हुनु पर्नेमा रु.४२,५७,६१,२८६/- उल्लेख हुन गई सो बमोजिम रु.५,५३,४८९/६७ क्रेडिट दावी हुनु पर्नेमा रु.५,५३,४८,९६७/- क्रेडिट दावी हुन गएको थियो । यसरी खरिद रकम र खरिदमा तिरेको क्रेडिट रकममा बढी दावी हुन जानुमा मानविय भुलको लागी कर प्रशासनले कर विवरण पेश गर्न हाल लागु गरेको सफ्टवेयर जिम्मेवार छ । उक्त सफ्टवेयरमा रकम जनाउँदा भरिने अंश दशमलव पछी जनाइने अंक समेत आफसे आफ दशमलव अगाडी जनिने रहेछ । यसरी सफ्टवेयरको कारण बढी खरिद जनिन गई खरिदमा तिरेको क्रेडिट दावी बढी हुन गएको हो । आफ्नो सफ्टवेयरबाट बाट हुने त्रुटीको भागिदार करदातालाई बनाउनु न्याय संगत हुँदैन । बढी क्रेडिट दावी भएको रकमका सम्बन्धमा २०७४/१०/२१ मा प्रारम्भिक कर निर्धारण आदेश जारी भए पश्चात आफुबाट कम्प्युटर(सफ्टवेयर)बाट हुन गएको गल्तीको सम्बन्धमा महशुस भइ तत्काल जवाफ पेश गरेका थियौ । बढी क्रेडिट दावी हुनुमा पुनरावेदक करदाताको नियत, मनशाय र प्रयोजन छैन? बढी क्रेडिट दावी गरी सो बाट करदाताले अनुचित फाइदा लिएको छ छैन? र नेपाल सरकारलाई घाटा पुर्याएको छ छैन ? सो सम्बन्धमा हेरी निर्णय गर्नु पर्ने दायित्व र जिम्मेबारी कर प्रशासकलाई भएकोमा सो तर्फ बिचार नगरी, पुनरावेदकको कारोबारको अबस्था र हैसियत तर्फ नहेरी अनभिज्ञता र भुलबस सफ्टवेयरको कारणले गर्दा बढी क्रेडिट दावी हुन गएको रकम मुल्य अभिवृद्धीकर र सो को जरिवाना लगाउने गरी आन्तरिक राजस्व कार्यालय ललितपुरबाट मिति २०७४/१०/२२ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५/१/२८ मा भएको

निर्णय बदर गरी न्याय पाउँ भन्ने समेत यस न्यायाधिकरणमा मिति २०७५/४/९ मा दर्ता भएको पुनरावेदनपत्र ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता ऐन २०७४ को दफा १४०(३) बमोजिम छलफलका प्रयोजनका लागी बिशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सुचना दिई नियमानुसार पेश गर्नु भन्ने समेत यस न्यायाधिकरणबाट मिति २०७५/८/२५ मा भएको आदेश ।

## ठहर खण्ड

१०. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ताद्धय श्री सुरज श्रेष्ठ र राजिव सिन्हाले सफ्टवेयरको गल्तिले (डट नराखेको कारण) पैसामा राखिएको विवरण रुपैया हुन गई बढी खरिद जनिइ बढी क्रेडिट दावी हुन गएको हो । पुनरावेदकले राज्यलाई घाटा र करदातालाई फाईदा पुर्‍याएको वा पुर्‍याउने नियत राखेको होइन, प्रारम्भिक कर निर्धारण भएकै दिन तत्काल भुल स्विकार गरी जवाफ पेश गरेको र विवरण सच्याएको हो । करको दायित्व घटाएको नहुँदा मुल्य अभिवृद्धी कर ऐन,२०५२ को दफा २९(१क) आकर्षित हुने होइन । समायोजन गर भने बमोजिम नै समायोजन गरेको हुँदा कर र जरिवाना लगाउनु उपयुक्त होइन । कर र जरिवाना समेत लगाउने गरी भएको शुरुको निर्णय र सोही निर्णयलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व कार्यालयको निर्णय बदर गरी पाउँ भनी र प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौका विद्धान शाखा अधिकृत श्री टेकनाथ अधिकारीले अधुरो वा त्रुटिपुर्ण विवरण पेश गरेमा जरिवाना लाग्ने हो, कानुनको अनभिज्ञता क्षम्य हुदैन। बढी क्रेडिट दावी गरेपछी करको दायित्व घटाएको छैन भन्न मिल्दैन । पुनरावेदकले विवरण पेश गर्दा भुलबस भएको भन्ने तथ्यगत र कानुनी रुपमा पुष्टी गर्न नसकेको हुँदा शुरु कार्यालयले मुल्य अभिवृद्धि कर र जरिवाना समेत माग गर्ने गरी भएको निर्णय सदर कायम हुनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो ।

११. उपरोक्तानुसार दुवै पक्षका विद्धानहरुको बहस जिकीर सुनी शुरु मिसिल र पुनरावेदन मिसिल संलग्न कागजात हेरी शुरुको निर्णय मिले नमिलेको के रहेछ, पुनरावेदकको जिकीर पुग्न सक्ने हो होईन? भनी हेर्दा निम्नानुसार देखिन आयो ।

१२. अब निर्णयतर्फ विचार गर्दा शुरु आन्तरिक राजस्व कार्यालयले यी पुनरावेदकको हकमा मूल्य अभिवृद्धिकर निर्धारण गर्दा निजले नपाउने क्रेडिट दावी गरेकोले मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २०(२)(क) को आधारमा सोही ऐनको दफा २९(१)(क) बमोजिमको कसूर गरेको भनी २०% जरिवना समेत गरी रु.६,५७,५४,५७४/- कर निर्धारण गर्ने गरी भएको निर्णय एवं उक्त निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागको निर्णय मिलेको नहुँदा उक्त निर्णय उल्टी बदर गर्ने प्रयोजनार्थ परेको करदाताको पुनरावेदनपत्र ।

१३. आफ्नो विरुद्धमा प्रारम्भिक कर निर्धारण भएको आदेशको सूचना यी पुनरावेदकले मिति २०७४/१०/२१ मा पाइ सोही दिन सो बमोजिम कर निर्धारण नहुनु पर्ने भनी यी पुनरावेदकले लिखित जवाफ फिराएको समेत पाइयो । उक्त लिखित जवाफमा आफुले २०७४ साल श्रावण महिनाको कर विवरण भाद्र महिनामा प्रवृष्ट गरी भूलवस जोड जम्मा फरक परि विवरण दाखिला भएकोले उक्त भुलवस उल्लेखित हिसाब २०७४ मंसिर महिनाको कर विवरणमा मिलान गर्ने छु भनी प्रतिवद्धता समेत व्यक्त गरेको पाइयो । यसरी करदाताले प्रतिवद्धता व्यक्त गर्दा गर्दै पनि अन्तिम कर निर्धारण गर्दा "करदाताले राखेको खरिद विक्री खाता, विक्रि बिजक र करदाताले पेश गरेको मूल्य अभिवृद्धि कर विवरण परिक्षण तथा भिडान गर्दा २०७४ श्रावण महिनाको खरिद बिजक र खरिद खाता अनुसार करदाताले जम्मा रु.४२,५७,६०७/- को करयोग्य खरिद गरि त्यस्तो खरिदमा तिरेको कर जम्मा रु.५५३४८९/- देखिएको भनी स्वयं प्रत्यर्थी कर कार्यालयले उल्लेख गरेकोमा करदाताले कर विवरण पेश गर्दा भने करयोग्य खरिद रु४२५७६१२८६/- र खरिदमा तिरेको कर रु५५३४८९६७/- उल्लेख गरेको र सोही बमोजिम रु५४७९५७८/- नपाउने करकट्टी दावी गरेको भनी यथार्थ करको विवरण र कर छुटको माग गरेको फरक परेको रकम बारेमा समेत कर कार्यालयले आफ्नो निर्णय पर्चामा उल्लेख गरेको देखिन्छ । यस तथ्यलाई करदाता आफैले लिखित निवेदनबाट एवं निजले प्रत्यर्थी कर कार्यालय समक्ष भएको बयानबाट समेत खुलाईदिएको पाइन्छ । यसरी कर कार्यालय स्वयंले पुनरावेदक करदाताको हरहिसाब खाता हेरी एकिन रुपमा यति रकम भनी किटानी गरी बढी कर छुट दावी गरेको भन्ने उल्लेख गरेकोमा आफूले भुलबस हिसाब देखाउन पुगेको र हिसाब मिलान गर्दछु नै भनी लिखित प्रतिवद्धता आइसके पछी भूलबस प्रवृष्ट गरेको हिसाब वापत जरिवाना निर्धारण गर्नु औचित्यपूर्ण मान्न मिल्ने देखिदैन ।

१४. करदाता संधै कानुन बमोजिम कर प्रशासनले करदातामैत्री व्यवहार गरोस भन्ने चाहने हुन्छ ।कर अधिकृतले कर निर्धारण गर्दा करदाताको कारोबारको प्रवृति, हैसियत कस्तो छ? कर छली गर्ने नियत मनशाय र योजना थियो कि थिएन भन्ने तर्फ समेत विश्लेषण गरिनु पर्छ । कानून उलंघन बाहेकका साना तिना मानबिय त्रुटीलाई समयमानै औंल्याई करदातालाई सच्चिने मौका दिनु कर प्रशासनको अभिभावकिय दायित्व हुन्छ न की कानुनी दायरामा ल्याई कर असुल्नु । कर छली गर्ने नियत राखी योजनाबद्ध कामकारबाही गरी राज्यलाई हानी नोक्सानी पुर्‍याइ आफुलाई फाईदा पुर्‍याएको अवस्थामा मात्र करदाताको कर छली गर्ने नियत र उद्धेश्य रहेको मान्नु पर्ने हुन्छ । प्रस्तुत मुद्धामा कर विवरण पेश गर्दा वास्तविक खरिद भन्दा बढी खरिद प्रविष्ट भइ सोही बमोजिम बढी मूल्य अभिवृद्धि कर तिरेको भनी बढी क्रेडिट दावी गरेको भन्ने सम्म देखिन्छ तर विक्रीमा उठाएको मूल्य अभिवृद्धि करसंग समायोजन गरि सकेको वा करदाताले सुविधा उपभोग गरि सकेको अवस्थाको विद्यमानता नभएको अवस्थामा राज्यलाई हानी नोक्सानी भएको र करको दायित्व घटाएको अर्थ गर्न मिल्ने नदेखिई बढी क्रेडिट दावी गरेको आधारमा मूल्य अभिबृद्धि कर माग गर्ने गरेको निर्णय मिलेको देखिएन । मूल्य अभिवृद्धि कर माग गरेको नै नमिलेको हुँदा करको दायित्व घटाएको कसुरमा

पुनरावेदक करदातालाई कर विगोको २०% जरिवानामाग गर्ने गरी भएको निर्णय कायम रहन सक्ने अवस्था देखिएन ।

१५. अतः माथि विवेचित आधारमा स्थायी लेखा नं.६०१२०२८१० भएका पुनरावेदक करदाता सनराईज डिजाइनर्स एण्ड इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा.लि.को आ.ब.२०७४/०७५ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा शुरु आन्तरिक राजस्व कार्यालय ललितपुरको मिति २०७४/१०/२२ को निर्णय र सो लाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५/१/२८ मा भएको निर्णय मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । तपशिल बमोजिम गर्नू।

<u>तपशिल</u>

माथी ठहर खण्डमा लेखिए बमोजिम करदाता सनराईज डिजाइनर्स एण्ड इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा.लि.को आ.ब.२०७४/०७५ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा शुरु आन्तरिक राजस्व कार्यालय ललितपुरको मिति २०७४/१०/२२ को निर्णय र सो लाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५/१/२८ मा भएको निर्णय उल्टी हुने ठहरी फैसला भएकोले पुनरावेदक करदाताले राखेको नेपाल बंगलादेश बैकको मिति सन १३/०७/२०१८ मा राखेको रु.१८२७०००/- को बैक ग्यारेन्टी रकम र आन्तरिक राजस्व कार्यालय ललितपुरले प्रशासकिय पुनरावलोकनका लागी धरौटी वापत क्रेडिट रकमबाट फ्रिज राखेको रकम कानुन बमोजिम फुकुवा गरिदिनु भनी शुरु आन्तरिक राजस्व कार्यालय ललितपुरमा लेखी पठाईदिनू---१

विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई फैसलाको जनाउ दिनू।..........................२
सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू।.....................................३
फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।.......................................४

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः-

विश्वराज कुइकेल(शाखा अधिकृत)

इति सम्वत् २०७६ साल असोज महिना ०५ गते रोज १ शुभम् ..........................